- काठमाण्डौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुरथिमि नगरपालिका भित्र ४ अना (१२७.१६ वर्गमिटर) ।
- माथी उल्लेख गरिएबाहेकका नगरपालिका र जिल्ला सदरमुकाम रहेका गाबिसमा ६ अना (१९०.७४ वर्गमिटर) ।
- अन्य क्षेत्रमा १० आना (३१७.९० वर्गमिटर) ।

### ८. यसरी जग्गा दर्ता गर्दा कति समय लाग्छ ?

- निबेदन पेश गरेको ६० दिन भित्र जग्गा दर्ता समितिले निर्णय लिई सक्नुपर्छ । समितिले निर्णय गरेपछि मालपोत कार्यालयले लालपुर्जा उपलब्ध गराउँछ । यसरी पाएको जग्गा १० वर्षसम्म बेच्न नपाउने ब्यवस्था छ ।

### ९. जग्ग दर्ता गराउनका लागि निबेदन कसरी दिने ?


- सरकारले निबेदनको ढाँचा पनि बनाई दिएको छ । निबेदनका साथ नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, भूकम्प प्रभावित क्षेत्रमा स्थायी बसोबास गरेको ब्यहोरा खुल्ने स्थानिय निकायको सिफारिस । भोगचलन, तिरोभरो गरेको कागज प्रमाण भए, सोको प्रतिलिपी पनि पेश गर्नुपर्छ ।

### १०. यस्तो कुराबारे बिस्तृत जानकारीका लागि कहाँ जानुपर्छ ।

- यो कार्यबिधि २०७३ जेठ १७ गते नेपाल राजपत्रमा छापिएको छ । त्यो अध्ययन गर्न सकिन्छ । सबभन्दा नजिकको निकाय गाउँ बिकास समिति वा नगरपालिका कार्यालयमा जानकारी लिन सकिन्छ । जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयमा पनि सम्पर्क गर्न सकिन्छ । साथै राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका जिल्ला समिति र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा पनि बुझ्न सकिन्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३

जानकारी पत्र



# पुनर्निर्माण र जग्गा प्राप्ती

सरकारले भूकम्प प्रभावित परिवारलाई घर घडेरीका लागि जग्गा उपलब्ध गराउन जग्गा दर्ता कार्यबिधि ल्याएको छ । २०७३ जेठ १७ गते नेपाल राजपत्रमा छापिएको यो कार्यबिधिमा के छ ? जानौं र जग्गा प्राप्तिका लागि निबेदन पेश गरौं ।

CSRC आत्मनिर्भर केन्द्र

OXFAM

## १. कस्तो अवस्थाका भूकम्प प्रभावित ब्यक्तिले जग्गा प्राप्त गर्न सक्छन ?

- परम्परादेखि भोगचलन गरि आएको जग्गा आफ्नो नाममा दर्ता गर्न चाहने,
- घर क्षतिग्रस्त भई बसोबास गर्न मिल्ने अवस्था नभएमा,
- घरबास भएको स्थानमा भौगर्भिक कारणबाट घर बनाउन जोखिम हुने भएमा,
- आफु वा आफ्नो परिवारको नाममा नेपाल राज्यभर घर वा जग्गा नभएमा,

## २. जग्गा प्राप्ति वा दर्ताका लागि कहाँ निबेदन दिनुपर्छ ?

- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जग्गा दर्ता समिति बनेको छ। त्यो समितिमा सोझै वा आफ्नै गाउँ बिकास समिति वा नगरपालिकाको कार्यालयमा पनि निबेदन दर्ता गराउन सकिन्छ।

## ३. स्थानिय निकायमा निबेदन दिंदा बढी समय लाग्छ होलान नि ?

- लाग्दैन। किनकी स्थानिय निकायमा निबेदन पेश भएको ७ दिन भित्र जग्गा दर्ता समितिमा ति निबेदनहरू बुझाई सक्नुपर्छ।

## ४. समितिले जग्गा दर्ताका लागि के कस्तो प्रक्रिया अपनाउँछ ?

- जग्गा दर्ताका लागि निबेदन पेश गर्न सुचना जारी हुन्छ। परेका निबेदनमा समितिले छानबीन गर्छ। आवश्क परे समितिले थप प्रमाण र पूरक निबेदन पनि माग गर्न सक्छ। जग्गाको फिल्डबुक, नक्सा, तिरोभरो, लगतको प्रमाण पेश गर्न लगाउँछ। साँध संधियार तथा स्थानिय निकायका प्रतिनीधिको रोहबरमा सर्जमिन गराउँछ। हकदावीको लागि १५ दिनको सुचना जारी गर्छ। उजुरी परेमा सोको छानवीन एवं प्रमाणको मुल्याङ्कन गरि १५ दिनभित्र निर्णय लिई सक्ने जग्गाको मोठ, भिडाउने। जग्गाको लगत रोक्का भए नभएको बुझ्ने। निजको हकभोग एकीन गर्ने र त्यसका आधारमा जग्गा दर्ताको निर्णय लिने ब्यवस्था छ।

## ५. जग्गा दर्ता सम्बन्धी कार्यबिधिमा कुन कुन प्रकारको जग्गा दर्ता गर्ने ब्यवस्था छ ?

- रैकर जग्गा दर्ता सम्बन्धी ब्यवस्था :
- बिर्ता जग्गा दर्ता सम्बन्धी ब्यवस्था :
- स्वबासी जग्गा दर्ता सम्बन्धी ब्यवस्था :
- बेनिस्सा जग्गाको दर्ता सम्बन्धी ब्यवस्था :
- गुठी अधिनस्थ जग्गाको दर्ता सम्बन्धी ब्यवस्था :
- सरकारी तथा बन क्षेत्रको जग्गा दर्ता सम्बन्धी बिशेष ब्यवस्था :
- जग्गा दर्ता सम्बन्धी पुरानो निबेदनको टुङ्गो लगाउन सक्ने :

## ६. यसरी जग्गा दर्ता गर्दा पैसा पनि लाग्छ होला नि ?

- पुर्नवास वा स्थानान्तरण गर्नुपर्ने परिवारको नाममा सरकारी तथा बन क्षेत्रको जग्गा दर्ता गर्दा कुनै शुल्क लाग्दैन। रैकर, बेनिस्सा, स्वावासी जग्गा दर्ता गर्दा सो जग्गा नापजाँच भएदेखि चालु आर्थिक वर्ष(सरकारले छुट दिएको वर्ष वाहेक)सम्मको राजस्व स्थानिय निकायमा बुझाउनुपर्छ।
- "क" श्रेणीको बिर्ता जग्गा दर्ताको लागि २०१६ सालदेखि चालु आर्थिक वर्षसम्मको राजस्व स्थानिय निकायमा बुझाउनु पर्छ। "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गर्दा रजिष्ट्रेशन प्रयोजनका लागि जिल्लामा तोकिएको न्युनतम् मुल्यांकनको १० प्रतिशतले हुन आउने रकम र चालु आर्थिक वर्षको मालपोतको सात दोब्बर राजस्व मालपोत कार्यालयमा बुझाउनुपर्छ।
- गुठी अधिनस्थ जग्गा दर्ता गर्न सो जग्गा नापजाँच भएदेखि चालु आर्थिक वर्षसम्मको कुत गुठी कार्यालय वा गुठी कार्यालयको काम गर्ने सम्बन्धित क्षेत्रको मालपोत कार्यालयमा बुझाउनुपर्छ।

## ७. जग्गा दर्ता समितिले भोग चलनमा आएको सबै जग्गा दर्ता गर्छ कि गर्दैन ?

- आवासका लागि घरघडेरी उपलब्ध गराउने उद्देश्य मात्र यो कार्यबिधिले लिएको हुँदा यसले सबै जग्गा दर्ता गर्दैन।